# नेपाल अर्वुद रोग निवारण संस्था
# NEPAL CANCER RELIEF SOCIETY

भद्रपुर, झापा

प. सं. :-

स्था. २०५०

च. नं. :-

मिति :- ..........................


श्रीमान अध्यक्षय ज्यू
नेपाल अर्वुद रोग निवारण संस्था
केन्द्रिय कार्यलय बालकुमारी ललीतपुर

विषय : २०७०/०७१ को प्रगति प्रतिवेदन पठाइएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस झापा शाखाले अ.व. २०७०/०७१ मा गरेका कार्यहरु निम्न बमोजीम भएकोले स्मारीकामा प्रकाशनका लागि हार्दिक अनुरोध गर्दछु ।

..................
(केशव प्रसाद पोखरेल)
सभापति
झापा शाखा

## वार्षिक उत्सव -

मिति २०७०/०५/३१ गते हल्दीवारी उच्च मा.वि.का कक्षा ९, १० का करिव ४० जना विद्यार्थीहरु माझ सभापति केशव प्रसाद पोखरेल, कोषाध्यक्ष कमला सीवाकोटी र जन स्वास्थ्य कार्यालयका प्रविधिक महेन्द्र चौधरीले कयान्सर के हो, कारक तत्व, लक्षण, बच्ने उपाय, उपचार विधि इत्यादिका वारेमा जानकारी गराउदै पम्पलेटहरु वितरण गरी सम्पन्न गरियो ।

## जिल्ला सभा-

मिति २०७०/०८/२९ गते शनिवारका दिन झापा शाखाको १४ औ जिल्ला सभा शाखा सभापति केशव प्रसाद पोखरेलको अध्यक्षता र केन्द्रिय सदस्य श्रीमति राधा कार्की ज्यूका प्रमुख आतीथ्यका साथै विभिन्न संघ संस्थाहरुको प्रतिनिधि आजिवन सदस्यहरुको उपस्थितिमा शाखाको कार्यलय भद्रपुर-४ मा २०६९/०७० को लेखा परिक्षण प्रतिवेदन र आ.व ०७०/७१ को लागी ३११०००।- तीन लाख एघार हजार को अनुमानित आय व्यय विवरण पारित गर्दै सम्पन्न गरियो ।

## जनचेतना कार्यक्रम-

मिति ०७०/०५/२८ गते नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको २१ औ साधारण सभा पासाङ्ग लामु भवन धुलावारीमा उपस्थित प्रतिनिधिहरुलाइ पम्पलेट वितरण गरी सम्पन्न गरियो ।

मिति ०७०/१२/१७ गते नेपाल वहुउद्देश्यीय सहकारी संस्था ली. चन्द्रगढी कार्यलयको आयोजना मा संचालित सदस्य शिक्षा कार्यक्रम जलथलमा उपस्थित सहभागी ६० जना लाइ सभापति केशव प्रसाद पोखरेल बाट क्यान्सर के हो, लक्षण, वच्ने उपाय, सुर्तीजन्य पदार्थको सेवनले हुने हानी नोक्सानी बारे जानकारी गराउदै पम्पलेट वितरण तथा पोष्टर प्रदर्शन गरी जन चेतना कार्यक्रम सम्पन्न गरियो ।

मिति ०७०/११/२० गते नेपाल लाइफ इनसोरेन्स विर्तामोडको आयोजनामा संचालीत एजेन्सी मेनेजरहरुको भेलामा उपस्थीत सहभागीहरु ७५ जनालाइ कोषाध्यक्ष कमला सीवाकोटी र पुर्व सदस्य टिकाराम उप्रेती बाट क्यानसर रोग र कारण, बच्ने उपायहरु वारे जानकारी गराइ पम्पलेटहरु वितरण गरी सम्पन्न गरियो ।

मिति २०७०/१२/२५ मा सत्य साई केन्द्र चन्द्रगढीको आयोजनामा संचालित जुत्ता चप्पल वनाउने तालीम कार्यक्रम का ५० जना सहभागी महिलाहरुलाइ केन्द्रिय सदस्य राधा कार्की र जिल्ला सभापति केशव प्रसाद पोखरेल ले पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, सुर्तीजन्य पदर्थको सेवनले हुने रोगहरु, क्यान्सरका लक्षण, वच्ने उपाय, उपचारविधि वारे जानकारी गराइ पोष्टर प्रदर्शन तथा पप्लेटहरु वितरण गरी सम्पन्न गरियो ।

**<u>विश्व क्यान्सर दिवस-</u>**

मिति ०७०/१०/२१ गते विर्तामोड  मुक्ती चौक मा भेला भइ सो वरपरका पसल तथा बटुवाहरुलाई पम्पलेट वितरण गरी सम्पन्न गरियो ।

**<u>धुम्रपान रहित दिवस :</u>**

मिति ०७०/०२/१७ गते शनिवार नेपाल बहुउद्देश्यीय सहकारी संस्था चन्द्रगढी कार्यलयले आयोजना गरेको सदस्य शिक्षा कार्यक्रम पृथ्वीनगरमा उपस्थीत सहभागीहरुलाइ सभापति केशव प्रसाद पोखरेलबाट सुर्तीजन्य पदार्थको सेवनबाट हुने हानी नोकसानी बारे जानकारी गराइ पम्पलेटहरु वितरण गरी सम्पन्न गरियो ।

**<u>सभा सम्मेलनमा सहभागीता</u>**

सस्थाको २३ औ केन्द्रिय सभा हेटौडामा निम्न पदाधिकारी हरुको सहभागीता रहयो ।

(१) सभापति केशव प्रसाद पोख्रेल

(२) कोषध्यक्ष कमला सिवाकोटी

(३) सह सचीव प्रेम कृष्ण शर्मा ढुङ्गाना

**<u>वैठक-</u>**

संस्थको आ.व ०७०/७१ मा ६ वटा बैठक वसी विभिन्न निर्णय हरु गरीयो ।

**<u>सदस्यता बिस्तार</u>**

आ.व. ०७०/७१ मा १ जना मात्र आजीवन सदस्य थप भएकोछ ।

**<u>स्वास्थ्य शिविर -</u>**

नेपाल अर्वुद रोग निवारण संस्था झापा शाखा, नेपाल अर्वुद रोग निवारण संस्था केन्द्रिय कार्यलयको प्रविधिक सहयोग र भद्रपुर नगर पालीकाको आर्थीक सहयोग मा मिति ०७१/०१/१२ गते मोहपाल धर्मशाला भद्रपुर मा क्यान्सर परिक्षण तथा प्याप स्मेयर परीक्षण शिविर सम्पन्न गरियो उक्त शिविरमा ३४९ जनाले क्यान्सर परीक्षण गराएका र जसमध्ये १२७ जना महिलाको प्याप स्मेयेर परीक्षण गरिएको मध्ये ११ जनामा केहि समस्या देखीएको  र जस मध्ये २ जनालाइ चाडै वायोप्सी तथा प्यापस्मेयेर परिक्षणको लागी खबर गरिएको र  साथै ९ जनालइ ६ महिना पछि प्यापस्मेयेर परिक्षण गराउने सल्लाह दिएको थियो ।